इ.प्रा. परिपत्र संख्या : ०४/२०७८-७९ मिति: २०७८/०५/२४

श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन/थप गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.१.७ को खण्ड (ग) मा संशोधन र खण्ड (घ) थप :**

(ग) नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतीतपत्रको कागजात (L/C Documents) डिस्काउण्ट गर्न पाउने छैनन् ।

(घ) उद्योग स्वयम्ले आफ्नो प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ र मेशिन (Plant) तथा अन्य यन्त्र उपकरण आयात गर्दाको Sight L/C को भुक्तानी गर्ने प्रयोजनको लागि अधिकतम **९० दिन**सम्मको लागि बैंकहरुले आयातकर्तालाई परिवर्त्य विदेशी मुद्रामा ऋण दिन सक्नेछन् । यस्तो ऋणमा लिने ब्याजदर बैंकहरु आफैंले निर्धारण गर्न सक्नेछन् ।

**२. एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.६ को अनुसूची १.१८ मा थप :**

| क्र.सं. | हार्मोनिक कोड | वस्तुहरु |
|---|---|---|
| १६८ | २८३६.५०.०० | Calcium Carbonate |
| १६९ | २९१७.३२.०० | DI-2-Ethylhexyl Phthalate (DOP) |
| १७० | ३२०६.१९.०० | White Master Batches & Color Master Batches |
| १७१ | ३५०६.९९.०० | Adhesive |
| १७२ | ३८१२.२०.०० | Cross Linking Agent |
| १७३ | ३८२३.११.०० | Stearic Acid |
| १७४ | ३९०१.३०.०० | EVA |
| १७५ | ३९०१.४०.०० | Polyolefin Elastoner |
| १७६ | ३९०४.१०.०० | PVC Resin |
| १७७ | ३९०४.२२.०० | PVC Compound |
| १७८ | ३९०४.९०.०० | PVC Compound |
| १७९ | ४०११.८०.०० | OTR Tyre |
| १८० | ५४०१.१०.०० | Nylon Thread |
| १८१ | ५९०६.९९.०० | Synthetic Cloth |
| १८२ | ७००५.२९.०० | Float Glass |

**३. एकीकृत इ.प्रा. परिपत्रः १२/२०७६ को दफा ७ थपः**

राष्ट्रिय गौरवका आयोजनाहरुले र "राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५" बमोजिम तोकिएका राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरुले सेवा लिएबापत विदेशी संस्थाहरुलाई गर्ने भुक्तानीको लागि (भारतमा भारतीय रुपैयाँमा समेत) देहायबमोजिमका कागजातहरुको आधारमा वाणिज्य बैंकहरुबाट सोझै सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(क) आयोजनाको दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता प्रमाणपत्र र सेवा आयातबापत नियमानुसार कर तिरेको निस्सा तथा मुनाफा भएमा लाग्ने लाभांश कर तिरेको निस्सा लगायत प्रचलित कानुनबमोजिम कर तिरको निस्सा ।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौताको प्रमाणित प्रतिलिपि र बीलबीजक ।

(ङ) सम्झौताबमोजिम गरेको कार्यको विवरणसहित सञ्चालक समिति वा अधिकारप्राप्त अधिकारीबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व:घोषणा ।

(च) काम सम्पन्न भएको पुष्टि हुने कागजातहरु भए सोसमेत ।

(छ) नेपाल सरकारको सम्बन्धित निकायको सिफारिस ।

(ज) यस्तो सटही सुविधाको विवरण त्रैमासिक रुपमा प्रत्येक त्रयमास समाप्त भएको ७ दिनभित्र देहायबमोजिमको ढाँचा (अनुसूची १२.१) मा यस बैंकसमक्ष पेश गर्नु पर्नेछ ।

**विवरणको ढाँचा (अनुसूची १२.१) :**

इजाजतपत्रप्राप्त "क" वर्गको बैंकको नाम:......................

कन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय (केन्द्रीय/कर्पोरेट कार्यालयले मात्र पेश गर्नु पर्ने)

विवरण पेश गरिएको आर्थिक वर्ष र त्रयमास:

विवरण पेश गरिएको मिति:

| सि. नं. | सेवा आयातकर्तासम्बन्धी | | | आयोजनाको प्रकृति ( राष्ट्रिय गौरव वा राष्ट्रिय प्राथमिकता प्राप्त) | सम्बन्धित निकायसम्बन्धी | | | सेवा निर्यातकर्तासम्बन्धी | | | सटहीसुविधा सम्बन्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | बैंक खाता नम्बर | | सिफारिस गर्ने निकायको नाम | ठेगाना | सिफारिस भएको मिति | नाम | ठेगाना (देश सहित) | बैंकको नाम र ठेगाना | मिति | वि.मु. (अमेरिकी डलर, यूरो... आदि) | रकम | |
| | | | | | | | | | | | | | | |

<u>तयार गर्ने</u>
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

<u>रुजु गर्ने</u>
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

<u>छाप:</u>

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

<u>बोधार्थ:</u>

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०. श्री नेपाल उद्योग परिसंघ ।
११. श्री नेपाल चेम्बर अफ कमर्स ।
१२. श्री नेपाल बैंकर्स संघ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४. श्री नेपाल वित्तीय संस्था संघ ।